दरभाउपत्र आह्वानको सूचना

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल

## केमिकल तथा ग्लासवयर खरिदका लागि दरभाउपत्र आव्हान गरिएको सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०७९/०९/०५ गते)

१. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग योग्य दरभाउपत्रदाताहरुबाट, राष्ट्रिय स्तरको सिलवन्दी दरभाउपत्र प्रकिया अन्तर्गत तपशिल बमोजिमका केमिकल तथा ग्लासवयर खरिद गर्न यो दरभाउपत्र आव्हान गर्दछ ।

२. योग्य दरभाउपत्रदाताहरुले यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, website:www.dftqc.gov.np, इमेलः admdftqc@gmail.com, टेलिफोनः ०१-४२५११३२, मा सम्पर्क राख्न अनुरोध छ ।

३. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहलबाट लिखित निवेदन पेश गरी मिति २०७९।०९।१९ गते सम्म कार्यालय समय भित्र यस विभागबाट प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा आवश्यक कागजात (संस्था दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र, २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि) सहित दरभाउपत्र दस्तुर रु १०००।- (फिर्ता नहुने गरि) राष्ट्रिय वाणिज्य बैंक स्थित यस विभागको कार्यालय कोड नं ३१२०३३५०३ राजश्व शिर्षक नं १४२२९ मा दाखिला गरेको सक्कलै भौचर पेश गरि प्राप्त गर्न सक्नेछन् ।

४. शिलबन्दी गरिएको दरभाउपत्र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहलमा मिति २०७९।०९।२० गते, दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । पेश भएका दरभाउपत्रदाताहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहलमा मिति २०७९।०९।२० गते, दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनसम्मको लागि दरभाउपत्रमान्य हुनेछ ।

५. दरभाउपत्र जमानत वापत तपशिलमा उल्लेखित रकममा नघटाई को.ले.नि.का., समन्वय कार्यालय, बबरमहलको धरौटी खाता नं.१२०१२००००१००२५२४ तथा यस विभागको कार्यालय कोड नं ३१२०३३५०३ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तीमा ७५ दिन म्याद भएको ( दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) बैंक ग्यारेन्टी (बिड बण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा दरभाउपत्र र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिने छ ।

७. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा वा Item wise दरभाउपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ ।

८. यस सूचनामा उल्लेख भएका बाहेकका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

तपशिलः

| क्र.सं | खरिद गरिने सामानहरु | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दस्तूर रु. |
|---|---|---|---|
| १. | केमिकल तर्फका १ देखि ६३ सम्मका सामानहरु | ५०,०००।- | १,०००।- |
| २. | ग्लासवयर तर्फका ६४ देखि १९२ सम्मका सामानहरु | | |